# देशका विभिन्न आन्दोलन, द्वन्द तथा प्राकृतिक प्रकोपका घाईतेहरुलाई औषधी उपचार गरे वापत अस्पतालहरुलाई शोधभर्ना दिने सम्बन्धी कार्यविधि, २०८२

मा. स्वास्थ्य तथा जनसंख्या मन्त्रीस्तरको मिति २०८२।०८।५ को निर्णयानुसार स्वीकृत

**प्रस्तावना:** सशस्त्र संघर्ष, जनआन्दोलन तथा मधेश/तराई आन्दोलनका घाईते, द्वन्द्व पिडित तथा प्राकृतिक प्रकोपबाट प्रभावितहरु तथा जेन जी आन्दोलन लगायतका प्रदर्शन तथा आन्दोलनका घाईतेहरूलाई नेपाल सरकारको निर्णयानुसार उपलब्ध गराईने निःशुल्क स्वास्थ्य उपचार गराए वापत् सम्बन्धित अस्पतालहरूलाई शोधभर्ना उपलब्ध गराउने कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार अर्थमन्त्रालयको राय सहमति लिई जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "देशका विभिन्न आन्दोलन, द्वन्द तथा प्राकृतिक प्रकोपका घाईतेहरुलाई औषधी उपचार गरे वापत अस्पतालहरुलाई शोधभर्ना दिने सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्ग अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आन्दोलन" भन्नाले राज्यसँग विभिन्न माग राखी वि.सं. २०५२ साल फागुन १ गतेदेखि बि.सं. २०६३ साल मंसिर ५ गतेसम्म राज्यपक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्व, वि सं २०६२/०६३ को जन आन्दोलन, मधेश तराई आन्दोलन, वि सं २०८१ चैत्र १५ मा भएको आन्दोलन (तीनकुने काठमाडौ) र वि. सं. २०८२ भाद्र २३ र २४ गते भएको जेन जी आन्दोलनलाई सम्झनुपर्छ।

(ख) "उपचार" भन्नाले घाईतेको शारीरिक समस्या, मानसिक समस्याको उपचार सम्झनुपर्छ र सो शब्दले अङ्गभङ्ग (अपाङ्ग) भइ वा अशक्तता भई दैनिक जीवनयापन गर्न चाहिने सहयोगी सामग्री (अर्थोसिस, प्रोस्थेसिस/कृत्रिम अङ्ग आदि) सेवा समेतलाई जनाउछ।

डा. विकास देवकोटा
सचिव

(ग) "घाईते" भन्नाले आन्दोलन वा प्राकृतिक प्रकोपका कारणले अपाङ्ग, अङ्गभङ्ग वा घाईते भई स्वास्थ्य समस्या सिर्जना भएका र सो को परिचयपत्र वा सिफारिसपत्र बाहक व्यक्तिलाई सम्झनुपर्दछ।

(घ) "द्वन्द्वपीडित" भन्नाले आन्दोलनका क्रममा अपाङ्ग, अङ्गभङ्ग वा घाईते भई सोको परिचय खुल्ने पत्र भएका व्यक्तिहरूलाई सम्झनुपर्दछ।

(ङ) "प्राकृतिक प्रकोप" भन्नाले महामारी, भकुम्प, बाढी, पहिरो, डुबान, चक्रवात, हावाहुरी, आगलागी, चटयाङ्ग, लगायतका स्वास्थ्य सङ्कटको अवस्थालाई सम्झनुपर्छ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय सम्झनुपर्दछ।

(छ) "विभाग" भन्नाले स्वास्थ्य सेवा विभाग सम्झनुपर्दछ।

(ज) "महाशाखा" भन्नाले विभाग अन्तर्गतको नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा सम्झनुपर्दछ।

(झ) "समिति" भन्नाले यस कार्यविधिको दफा ५ बमोजिमको भुक्तानी व्यवस्थापन समितिलाई सम्झनुपर्दछ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन विधि

३. निःशुल्क सेवा प्रवाहको व्यवस्था : (१) नेपाल सरकारले वार्षिक रुपमा विनियोजन गरेको बजेटको सीमाभित्र रही यस कार्यविधि बमोजिमको सेवाको व्यवस्था मिलाईनेछ।

(२) घाईतेले देशभित्र रहेका सरकारी/सामुदायिक अस्पतालहरूमा औषधी उपचार गराउनु पर्नेछ।

तर जेन्जी आन्दोलनका क्रममा भएका घाईतेहरूको उपचार जुनसुकै अस्पतालहरूमा भएको हुनसक्नेछ तर फलोअपको उपचार सरकारी/सामुदायिक अस्पतालहरूमा गर्नुपर्नेछ।

(३) यस कार्यविधि बमोजिमको सेवा सुविधा प्राप्त गर्ने लाभग्राहीले मन्त्रालयबाट घाईतेहरूको औषधी उपचारको लागि गरेको सिफारिस पत्र वा घाईतेको परिचय खुल्ने परिचय पत्र वा जिल्ला प्रशासन कार्यालय वा गृह मन्त्रालयको सिफारिस पत्रका आधारमा घाईतेलाई आवश्यक सेवासँग सम्बन्धित अस्पतालमा पुगी तत् सम्बन्धी सेवा लिन सक्नेछन्।

डा. विकास देवकोटा
सचिव

(४) यस कार्यविधि बमोजिम सेवा प्राप्त गर्ने घाइतेको अङ्गभङ्ग भई उपचारका लागि सहयोगी सामाग्री (जस्तैः प्रोस्थेसिस, अर्थोसिस/ कृत्रिम अङ्ग आदि) आवश्यक परेमा सरकारी निकायमा रहेका पुनर्स्थापना केन्द्र/ फिजियोथेरापी केन्द्र (नेपाली सेनाको पुनर्स्थापना केन्द्र लगायत) मार्फत प्रदान गर्न सकिनेछ।

४. <u>निःशुल्क उपचार वापत शोधभर्ना भुक्तानी प्रकृयाः</u> (१) सम्बन्धित अस्पतालले घाईतेलाई निःशुल्क औषधी उपचार दिए बापतको सोधभर्ना माग गर्दा विभाग/महाशाखा समक्ष देहाय बमोजिमको कागजात संलग्न गरी अनुसुची-१ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नुपर्नेछः-

(क) अनुसुची-२ बमोजिमको ढाँचामा निवेदन,

(ख) मन्त्रालयबाट घाईतेहरूको औषधी उपचारको लागि सिफारिस गरेको पत्र वा घाईतेको परिचय खुल्ने परिचय पत्र वा जिल्ला प्रशासन कार्यलय वा गृहमन्त्रालयको सिफारिस पत्र वा सत्य निरुपण तथा मेलमिलाप आयोगको सिफारिश पत्र,

(ग) अस्पताल प्रमुखबाट प्रमाणित बिल भरपाई।

(२) उपचार खर्च सम्बन्धित अस्पतालको सेवा शुल्क दररेट (स्वास्थ्य बीमा बोर्डले निर्धारण गरेको दररेट भन्दा बढी नहुने गरी) बमोजिम सोधभर्नाको लागि माग गर्नु पर्नेछ।

(३) माथी जुनसुकै कुरा लेखिएको भएता पनि जेन जी आन्दोलनका घाईतेहरुको उपचार बील भर्पाइ सम्बन्धित अस्पतालहरुले अनुसुची -३ बमोजिम भरी यस मन्त्रालयको स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र (HEOC) मा पेश गर्ने र सो केन्द्रले उक्त विवरणहरु संकलन गरी भुक्तानी प्रकृयाका लागि नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखामा पठाउनुपर्नेछ।

(४) आकस्मिक उपचार जुनसुकै अस्पतालहरुमा भएको भए पनि यसको शोधभर्ना गर्दा सरकारी अस्पतालबाट प्रदान गरिने समान उपचार सेवाको सरकारी मूल्य सरह मात्र भुक्तानी हुनेछ।

(५) उपदफा (१) बमोजिमको प्रतिवेदन महाशाखाले अध्ययन, विश्लेषण तथा रुजु गरी दफा ५ बमोजिमको भुक्तानी व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिमको भुक्तानीको लागि पेश भएको प्रतिवेदन तथा कागजपत्रहरुको थप अध्ययन, विश्लेषण तथा रुजु गरे पश्चात भुक्तानी व्यवस्थापन समितिले सोधभर्नाका लागि आवश्यक निर्णय गर्नेछ।

डा. विकास देवकोटा
सचिव

(७) भुक्तानी व्यवस्थापन समितिको निर्णय बमोजिम औषधी उपचार गराए वापतको रकम सम्बन्धित अस्पताललाई विभागले सोधभर्ना भुक्तानी गर्नेछ।

५. <u>भुक्तानी व्यवस्थापन समितिः</u> (१) अस्पतालहरूले घाईतेहरूको औषधी उपचार गरे वापत उपलब्ध गराउनु पर्ने शोधभर्ना भुक्तानीका लागी प्राप्त निवेदन एवम् प्रतिवेदन उपर आवश्यक निर्णय गरी विभागको आर्थिक प्रशासन शाखा मार्फत सोधभर्ना भुक्तानी सम्बन्धी निर्णय गर्नका लागि देहाय बमोजिमको एक भुक्तानी व्यवस्थापन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | महानिर्देशक, स्वास्थ्य सेवा विभाग | -संयोजक |
| (ख) | निर्देशक, नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा, विभाग | -सदस्य |
| (ग) | शाखा प्रमुख, चिकित्सा सेवा, शिक्षा तथा अनुसन्धान शाखा, नीति योजना तथा अनुगमन महाशाखा, मन्त्रालय | -सदस्य |
| (घ) | शाखा प्रमुख, आर्थिक प्रशासन शाखा, विभाग | -सदस्य |
| (ङ) | उपसचिव, प्रशासन शाखा, विभाग | -सदस्य |
| (च) | कानून अधिकृत, विभाग | -सदस्य |
| (छ) | शाखा प्रमुख, सामाजिक स्वास्थ्य सुरक्षा शाखा, विभाग | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको भुक्तानी व्यवस्थापन समितिको निर्णय बमोजिम स्वास्थ्य सेवा विभागको आर्थिक प्रशासन शाखाले औषधी उपचार गराए वापत अस्पताललाई सोधभर्ना दिनेछ ।

(३) अस्पतालहरूले घाईतेहरूको औषधी उपचार गरे वापत शोधभर्ना मागदाबी गरेको रकम मध्ये पुर्ण, आशिक तथा कुनै पनि भुक्तानी उपलब्ध गराउने वा नगराउने सम्बन्धी अन्तिम अधिकार समितिमा रहनेछ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ।

(५) समितिले आवश्यकता अनुसार विज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(६) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

डा. विकास देवकोटा
सचिव

स्वास्थ्य तथा जनसङ्ख्या
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

## परिच्छेद-३

## विविध

६. अभिलेखन तथा प्रतिवेदनः प्रत्येक घाईतेको औषधी उपचार सम्बन्धी विवरण महाशाखा र सम्बन्धित अस्पतालले दुरुस्त राख्नु पर्नेछ। यसरी उपलब्ध हुने सेवाको विवरण त्रैमासिकरुपमा मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

७. लेखा परीक्षण : यस कार्यविधि बमोजिम गरिएको खर्चको लेखा परीक्षण खर्च गर्ने निकायबाटै गर्ने र सोको प्रतिवेदन विभागलाई नियमित रूपले उपलब्ध गराउनु पर्नेछ।

८. अनुगमन तथा मूल्याङ्कनः यस कार्यविधि बमोजिमका उपचार सुविधाका बिषयमा यस मन्त्रालय र मातहतको विभागबाट आवश्यकता अनुसार अनुगमन तथा मूल्याङ्कन गर्न सकिनेछ।

९. दोहोरो भुक्तानी सुविधा लिन नपाईनेः यस कार्यविधि बमोजिमको उपचार खर्च सुविधा लिएका व्यक्ति वा अस्पतालले नेपाल सरकारबाट हुने यसै प्रकारको सुविधा दोहोरो लिन पाईने छैन।

१०. सेवा सुविधा लागू हुनेः यस कार्यविधि बमोजिमको उपचार सेवा सुविधा देश भित्रका सरकारी/सामुदायिक अस्पतालहरूबाट उपलब्ध हुने सेवाको हकमा मात्र लागू हुनेछ। तर जेन्जी आन्दोलनका क्रममा भएका घाईतेहरूको आकस्मिक उपचार जुनसुकै अस्पतालहरूमा भएको हुनसक्नेछ।

११. खारेजी र बचाउः (१) सशस्त्र संघर्ष, जनआन्दोलन तथा मधेश/तराई आन्दोलनका घाईते, द्वन्द्व पिडित तथा भुकम्पका घाईतेहरूको औषधी उपचार दिए वापत अस्पतालहरूलाई सोधभर्ना दिने सम्बन्धी कार्यविधि, २०८१ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको कार्यविधि बमोजिम भएका सम्पूर्ण काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

डा. विकास देवकोटा
सचिव

अनुसूची
(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

## उपचार सेवाको प्रतिवेदन फाराम

अस्पतालको नामः आर्थिक बर्षः
बिरामीको नामः लिङ्गः
उमेरः ठेगानाः
बिरामीको राष्ट्रिय परिचय पत्र नं.: बिरामीको नागरिकता नं.:
बिरामीको दर्ता नं. र मितिः

खर्चको विवरण

उपचार गर्दा लागेको जम्मा खर्चः रोगको निदान (Diagnosis):
औषधी शुल्क वापतको जम्मा खर्चः बिरामिको सम्पर्क नं.
संग्लन बिलहरू
१..............................
२..............................

देशका विभिन्न आन्दोलन, द्वन्द तथा प्राकृतिक प्रकोपका घाईतेहरूको उपचारमा भएको खर्चको विवरणः

| क्र.स. | सेवाको किसिम | खर्चको विवरण | कैफियत |
|---|---|---|---|
| १ | टिकट र दर्ता | | |
| २ | प्रयोगशाला सेवा | | |
| ३ | Radiology सेवा | | |
| ४ | औषधी | | |
| ५ | OT procedures | | |
| ६ | Bed Charge | | |
| ७ | अन्य .... | | |
| | जम्मा | | |

| तयार गर्ने | सिफारिस गर्ने (उपचारमा संलग्न चिकित्सक) | प्रमाणित गर्ने (स्वास्थ्य संस्था प्रमुख) |
|---|---|---|
| दस्तखत | दस्तखत | दस्तखत |
| नाम | नाम | नाम |
| पद | पद | पद |

डा. विकास देवकोटा
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची २

(दफा ४ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

अस्पतालले सोधभर्नाको लागि दिने निवेदनको ढाँचा

मितिः ......................

श्री स्वास्थ्य सेवा विभाग,
टेकु, काठमाडौं ।

विषयः सोधभर्ना सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस अस्पतालमा ...............साल ...............महिना ............. गते देखि ...............साल ...............महिना ............. गतेसम्म देशका विभिन्न आन्दोलन, द्वन्द तथा प्राकृतिक प्रकोपका घाईतेहरूका तपसिल बमोजिमका घाईतेहरूको औषधी उपचार दिए वापत लागेको रु........................ (अक्षरुपी ........................................) रकम खर्च भएको समेत जानकारी गराउँदै, उक्त रकम सोधभर्ना गराईदिन हुन अनुरोध गर्दछु । साथै खर्चको सम्पूर्ण विवरण र आवश्यक कागजातहरू यसैसाथ संग्लन गरेको व्यहोरा अनुरोध छ ।

.....................
अस्पताल प्रमुख

तपशिलः

| क्र.सं. | बिरामीको नाम थर | नागरिकता नं | ठेगाना (जिल्ला, स्थानीय तह, वडा) | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

संलग्न दस्ताबेजहरू

१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट घाईतेहरूको औषधी उपचारको लागि सिफारिस गरेको पत्र वा घाईतेको परिचय खुल्ने परिचय पत्र वा जिल्ला प्रशासन कार्यलय वा गृह मन्त्रालयको सिफारिस पत्र, सत्य निरुपण तथा मेलमिलाप आयोगको सिफारिश पत्र,
२. उपचार सम्बन्धी अस्पतालको पुर्जी र कागजातहरू,
३. खर्च भएको प्रमाणित बिल भरपाईहरू।

डा. विकास देवकोटा
सचिव

अनुसूची
(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)
## अस्पतालले सोधभर्नाको लागि दिने निवेदनको ढाँचा

मितिः .......................

श्री स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र,
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
रामशाह पथ, काठमाडौं।

विषयः **सोधभर्ना सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस अस्पतालमा ...............साल ...............महिना ............. गते देखि ...............साल ...............महिना ............. गतेसम्म देशका विभिन्न आन्दोलन, द्वन्द तथा प्राकृतिक प्रकोपका घाईतेहरूका तपसिल बमोजिमका घाईतेहरूको औषधी उपचार दिए वापत लागेको रु...................... (अक्षरुपी .....................................) रकम खर्च भएको समेत जानकारी गराउँदै, उक्त रकम सोधभर्ना गराईदिन हुन अनुरोध गर्दछु । साथै खर्चको सम्पूर्ण विवरण र आवश्यक कागजातहरू यसैसाथ संग्लन गरेको व्यहोरा अनुरोध छ ।

....................
अस्पताल प्रमुख

तपशिलः

| क्र.सं. | बिरामीको नाम थर | नागरिकता नं | ठेगाना (जिल्ला, स्थानीय तह, वडा) | खर्च रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

संलग्न दस्ताबेजहरू

१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट घाईतेहरूको औषधी उपचारको लागि सिफारिस गरेको पत्र वा घाईतेको परिचय खुल्ने परिचय पत्र वा जिल्ला प्रशासन कार्यलय वा गृह मन्त्रालयको सिफारिस पत्र, सत्य निरुपण तथा मेलमिलाप आयोगको सिफारिश पत्र,
२. उपचार सम्बन्धी अस्पतालको पुर्जी र कागजातहरू,
३. खर्च भएको प्रमाणित बिल भरपाईहरू।



डा. विकास देवकोटा
सचिव